# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पौष ३ गते २०२४ साल

श्री ५ को सरकार

मन्त्रिपरिषद् सचिवालयको

सूचना

नेपालको संविधानको धारा २९ अनुसार श्री ५ महाराजाधिराजबाट स्वीकृत गरिबक्सेको तल लेखिएबमोजिमको श्री ५ को सरकार (कार्य-विभाजन) नियमावली, २०२४ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

श्री ५ को सरकार (कार्यविभाजन) नियमावली, २०२४

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस नियमावलीको नाम "श्री ५ को सरकार (कार्य-विभाजन) नियमावली, २०२४" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुने छ।

२. परिभाषाः– यस नियमावलीमा "सचिव" भन्नाले श्री ५ को सरकारको सचिव सम्झनु पर्छ र सो शब्दले श्री ५ को सरकारको मुख्य सचिवसमेतलाई जनाउँछ।

३. सचिवालय र मन्त्रालयहरूः– श्री ५ को सरकारको कार्यको सम्पादन अनुसूची १ मा तोकिए-बमोजिमका सचिवालय र मन्त्रालयहरूमा गरिने छ।

तर श्री ५ को सरकारले आदेश जारी गरी सचिवालय र मन्त्रालयको नाममा हेरफेर



४८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र संख्यामा थपघट गर्न सक्ने छ ।

४. विषयहरूकोबाँडफाँटः– सचिवालय र मन्त्रालयहरूमा विषयहरूको बाँडफाँट अनुसूची २ मा तोकिएबमोजिम हुने छ ।

तर श्री ५ को सरकारले आदेश जारी गरी कुनै सचिवालय वा मन्त्रालयको कुनै विषय अर्को सचिवालयमा या मन्त्रालयमा सार्न सक्ने छ ।

५. मन्त्रीहरूमा कार्यभारको विभाजनः– एउटा मन्त्री वा राज्य–मन्त्रीलाई एक वा एकभन्दा बढी सचिवालय र मन्त्रालयहरूको अख्तियार दिई कार्यभार विभाजन हुन सक्दछ ।

६. खारेजीः– श्री ५ को सरकारको (कार्य–विभाजन) नियमावली, २०१७ र सो नियमावलीमा समय समयमा भएका संशोधन तथा सो नियम अन्तर्गतका आदेशहरू खारिज गरिएका छन् ।

८ऽ८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची–१

## सचिवालय र मन्त्रालयहरूको नाम

१. मन्त्रि–परिषद् सचिवालय
२. अर्थ–मन्त्रालय
३. आर्थिक योजना–मन्त्रालय
४. उद्योग तथा वाणिज्य–मन्त्रालय
५. कानून तथा न्याय–मन्त्रालय
६. गृह पञ्चायत–मन्त्रालय
७. जल तथा विद्युत्–मन्त्रालय
८. निर्माण, सञ्चार तथा यातायात–मन्त्रालय
९. परराष्ट्र–मन्त्रालय
१०. भूमिसुधार, कृषि तथा खाद्य–मन्त्रालय
११. रक्षा–मन्त्रालय
१२. राजदरबारसम्बन्धी विषय–मन्त्रालय
१३. वन–मन्त्रालय
१४. शिक्षा–मन्त्रालय
१५. सूचना तथा प्रसार–मन्त्रालय
१६. स्वास्थ्य–मन्त्रालय

मुद्रण विभाग, सिंहदरबार

४३१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–२

### १. मन्त्रि-परिषद् सचिवालय

१. मन्त्रि–परिषद्‌सम्बन्धी कार्य
२. विभिन्न मन्त्रालयको कार्यको समन्वय र रेखदेख
३. लोकसेवा आयोगसम्बन्धी कार्य
४. नेपाल निजामती सेवासम्बन्धी कानूनको प्रशासन
५. नेपाल प्रशासन सेवा तथा त्यसको प्रशासन
६. नेपाल विविध सेवा
७. प्रशासन सुधार
८. श्री ५ को सरकारको कार्य–विभाजन, कार्य–सम्पादन इत्यादिसम्बन्धी व्यवस्था
९. अन्तर्राष्ट्रिय प्रशासनसम्बन्धी सम्मेलनहरू

मुद्रण विभाग, सिंहदरबार

78

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## २. अर्थ–मन्त्रालय

१. आर्थिक नीति
२. मुद्रा
३. बैङ्किङ्ग तथा इन्स्योरेन्स
४. आय व्यय विवरण (बजेट)
५. विदेशी मुद्रा विनिमय तथा नियन्त्रणसम्बन्धी कार्यहरू
६. सार्वजनिक ऋण
७. भन्सार अन्तःशुल्क
८. मादक पदार्थ
९. कर
१०. आय र कर अदालत
११. सबै सेवाहरूको तलब र भत्ता, भ्रमण भत्ता र दैनिक भत्ता, निवृत्त भरण, उपदान इत्यादि
१२. सरकारी कोषको प्रशासन
१३. लेखासम्बन्धी सबै कार्यहरू
१४. मालपोत तथा भूमि कर
१५. रजिष्ट्रेशन
१६. गुठी
१७. महालेखा परीक्षकको विभागसम्बन्धी कार्यहरू
१८. कर्मचारी सञ्चय कोष
१९. नाप तौल
२०. आर्थिक विश्लेषण
२१. मूल्य नीति
२२. अन्तर्राष्ट्रिय आर्थिक तथा मुद्रासम्बन्धी सम्मेलनहरू

## ३. आर्थिक योजना मन्त्रालय

१. आर्थिक विकाससम्बन्धी नीति ।
२. आर्थिक योजना ।
३. राष्ट्रिय योजना परिषद्सम्बन्धी सबै कार्य ।
४. विभागीय योजनाहरूको समन्वय, निरीक्षण तथा मूल्याङ्कन ।
५. आर्थिक तथा प्राविधिक साधनहरूको बाँडफाँट ।
६. नेपालस्थित विदेशी सहायता नियोगहरू ।
७. अन्तर्राष्ट्रिय आर्थिक विकाससम्बन्धी सम्मेलनहरू ।
८. वैदेशिक सहायता समन्वय समितिसम्बन्धी कार्यहरू ।

आधिकारिक(प्रति) मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. तथ्याङ्क सङ्कलन (जनगणना, कृषि गणना इत्यादि)।
१०. आर्थिक अन्वेषण तथा विश्लेषण ।
११. श्री ५ को सरकारको तालीमसम्बन्धी नीति निर्धारण।
१२. श्री ५ को सरकारको तालीमसम्बन्धी आवश्यकता, सर्वेक्षण र निर्धारण।
१३. श्री ५ को सरकारद्वारा चलाइएका विभिन्न तालीम कार्यक्रमहरूको समन्वय र मूल्याङ्कन।
१४. विभिन्न विभागहरूको देशभित्र र बाहिरको तालीम योजना र कार्यक्रममा स्वीकृति।
१५. प्रशासनसम्बन्धी तालीमको सञ्चालन ।

## उद्योग तथा वाणिज्य–मन्त्रालय

१. औद्योगिक नीति ।
२. औद्योगिक अन्वेषण, अनुसन्धान र सर्वेक्षण ।
३. कम्पनी ऐन प्रशासन ।
४. उद्योगसम्बन्धी कानूनको प्रशासन ।
५. फ्याक्ट्री र श्रमसम्बन्धी कानूनको प्रशासन ।
६. सरकारी उद्योगहरू।
७. औद्योगिक संघहरूको संगठन ।
८. औद्योगिक तालीम
९. औद्योगिक क्षेत्रहरू सम्बन्धी काम।
१०. औद्योगिक विकास कर्पोरेशन र यस्ता संस्थाहरू ।
११. औद्योगिक उत्पादकत्वसम्बन्धी काम ।
१२. औद्योगिक मिशनहरू ।
१३. घरेलु उद्योग ।
१४. औद्योगिक सुविधा।
१५. पर्यटन।
१६. पर्यटन एजेन्सीहरू।
१७. होटेल रेष्टुराँहरूको नियन्त्रण (औद्योगिक र पर्यटनसम्बन्धी तात्पर्य भएका लागि)।
१८. वाणिज्य अन्वेषण, अनुसन्धान र सर्भेक्षण ।
१९. वाणिज्यसम्बन्धी नीति ।
२०. अन्तर्राष्ट्रिय व्यापार।
२१. आयात निर्यात ।
२२. कोटाबाट आउने मालसामानहरू ।
२३. नेशनल ट्रेडिङ्गसम्बन्धी काम ।
२४. आन्तरिक व्यापार उपलब्धी तथा वितरण।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५. वाणिज्यसम्बन्धी कानूनहरूको प्रशासन ।
२६. वाणिज्य मिशनहरू ।
२७. व्यापारिक संगठनहरू ।
२८. मूल्य नीति (व्यापारिक) ।
२९. वाणिज्य सम्झौताहरू ।
३०. ष्टायण्डर्डाईजेशन (क्वालिटी कण्ट्रोल) ।
३१. व्यापार प्रचार र प्रसार ।
३२. व्यापारिक सुविधाहरू ।
३३. उद्योग तथा व्यापारसम्बन्धी संस्थानहरू ।
३४. तेस्रो मुलुकबाट हुने पारवहन ।
३५. बजार भाउ अनुसन्धान तथा सर्भेक्षण ।
३६. खानी नीति ।
३७. खनिज विकास, अनुसन्धान र सर्भेक्षण ।
३८. खानीसम्बन्धी कानूनको प्रशासन ।
३९. अन्तर्राष्ट्रिय औद्योगिक सम्मेलन ।
४०. अन्तर्राष्ट्रिय व्यापार सम्मेलन, व्यापार संस्था ।

## ५. कानून तथा न्याय–मन्त्रालय

१. विधेयकहरू तथा ऐन, अन्तर्गत नियम र आदेशहरूको तर्जुमा र जाँच ।
२. मन्त्रालयहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून विषयहरूमा राय सल्लाह दिने ।
३. नेपाल राजपत्र सम्पादन ।
४. कानूनसम्बन्धी अनुवाद ।
५. महान्यायाधिवक्तासम्बन्धी काम ।
६. न्याय प्रशासनसम्बन्धी काम ।
७. सरकारी वकिलहरू सम्बन्धी काम ।
८. श्री ५ को सरकारलाई सरोकार पर्ने मुद्दा मामिलाहरूमा कारवाई, कानूनी राय तथा सल्लाह ।
९. कानून प्रकाशनसम्बन्धी काम ।
१०. पट्टा, कबुलियत, सन्धी सम्झौतासमेत अरू सरकारिया लिखतको मसौदाको तर्जुमा र जाँच ।
११. विशेष अदालतहरू सम्बन्धी काम ।
१२. सर्वोच्च अदालतसम्बन्धी काम ।
१३. कानून संग्रह र सुधारसम्बन्धी काम ।
१४. देवानी तथा फौजदारी कानून तथा अदालती कार्यविधि ।
१५. वकिल पेशा ।

५०३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. नेपाल न्याय सेवा ।
१७. न्याय सेवा आयोगसम्बन्धी कार्य ।
१८. अन्तर्राष्ट्रिय कानूनसम्बन्धी सम्मेलनहरू ।

## ६. गृह पञ्चायत–मन्त्रालय

१. शान्ति सुव्यवस्था ।
२. प्रहरी ।
३. कारागार ।
४ भ्रष्टाचार निवारण ।
५. हात हतियार र खरखजानाको लाइसेन्स ।
६. नेपाल गुप्तचर विभाग ।
७. विस्फोटक पदार्थसम्बन्धी नियन्त्रण ।
८. विदेशी नागरिकउपर रेखदेख, नियन्त्रण र देश बाहिर पठाउनेसम्बन्धी कामहरू ।
९. सवारी नियन्त्रण ।
१०. उपत्यकामा रहेका सरकारी सवारी ।
११. ग्राम, नगर तथा जिल्ला पञ्चायतहरू र अञ्चल सभाहरू ।
१२. राष्ट्रिय पञ्चायत र श्री ५ को सरकारको बीचको सम्पर्क ।
१३. राष्ट्रिय पञ्चायत बाहेक अरू पञ्चायतहरू सम्बन्धी ऐन, नियम र तिनीहरूको प्रशासन ।
१४. वर्गीय तथा व्यावसायिक संगठनहरू ।
१५. पञ्चायती व्यवस्थाको विकास ।
१६. पञ्चायत अनुसन्धान ।
१७. संघ संस्था ।
१८. स्थानीय प्रशासन ।
१९. नागरिकतासम्बन्धी सबै कामहरू ।
२०. आप्रवाशन तथा प्रवाशन ।
२१. नेपालभित्रको तीर्थस्थान र तीर्थयात्रीहरू ।
२२. हाट बजार मेला ।
२३. कल्याण धन र बेवारिसी धन ।
२४. चिट्ठा, जुवा इत्यादिको नियन्त्रण ।
२५. मनोरञ्जनसम्बन्धी लाइसेन्स र नियन्त्रण ।
२६. असमर्थ तथा बेकारी व्यक्तिहरूको सहायता, पाकशालाहरू (बेनीभोलेण्ट, च्यारीटेबुल सोसाइटी, पुर्णेश्वर पाकशाला, जिल्लास्थित पाकशालाहरू आदि) ।
२७. सार्वजनिक कामको लागि निजी चल वा अचल सम्पत्ती प्राप्त तथा अधिग्रहण गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८. होटेल, भट्टी तथा मादक पदार्थको सेवनसम्बन्धी नियन्त्रण ।
२९. दैवी प्रकोप सहायता ।
३०. सचिवालय भवनको उपयोग र रेखदेख ।
३१. सचिवालयको निमित्त केन्द्रीय सेवाहरूको व्यवस्था ।
३२. सार्वजनिक बिदाको घोषणा, उर्दी, सार्वजनिक उत्सव इत्यादि ।
३३. छापाखाना र प्रकाशनसम्बन्धी कारवाई ।
३४. सार्वजनिक चन्दा संकलनसम्बन्धी नियन्त्रण ।
३५. अवाञ्छनीय प्रकाशन र प्रदर्शनमा नियन्त्रण ।
३६. अरू कुनै सचिवालय वा मन्त्रालयको निमित्त किटानीसाथ नतोकिएको श्री ५ को सरकारको कुनै काम ।
३७. निर्वाचन आयोगसम्बन्धी ।
३८. गृह विज्ञान ।

## ७. जल तथा विद्युत्–मन्त्रालय

१. जलश्रोत नियन्त्रण तथा उपयोगसम्बन्धी नीति ।
२. जलश्रोत नियन्त्रण, उपयोग र विकास ।
३. जलश्रोतसम्बन्धी बहुमुखी योजनाहरूको प्रबर्द्धन, आयोजना, निर्माण सञ्चालन तथा संभार ।
४. जलश्रोतसम्बन्धी श्री ५ को सरकारबाट गर्नुपर्ने परी आउने काम ।
५. सिंचाई ।
६. खानेपानी ।
७. बाढी नियन्त्रण ।
८. ढल निकाश (सेवरेज)
९. विद्युत् ।
१०. विद्युत् संस्थानहरू सम्बन्धी कार्य ।
११. जलश्रोत सर्भेक्षण (हाइड्रोलजी) ।
१२. मौसम विज्ञानसम्बन्धी कार्य ।
१३. बहुमुखी योजनाहरू ।
१४. लघु सिंचाई ।

## ८. निर्माण सञ्चार तथा यातायात–मन्त्रालय ।

१. नयाँ निर्माण कार्यहरू जस्तै सडक, पुल र भवन इत्यादिको निर्माण ।
२. सरकारी सडक, पुल, भवन, एरोड्रम इत्यादिको मरमत तथा संरक्षण गर्ने ।
३. रोप वे ।
४. यातायात– (क) हवाई मार्ग (ख) रेल मार्ग (ग) जल मार्ग (घ) सडक परिवहन ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. सञ्चार, टेलिकम्युनिकेशन, हुलाक इत्यादि ।
६. नेपाल इञ्जिनियरिङ्ग सेवा ।
७. राजमार्ग र राजपथ ।
८. नगर निर्माण (टाउन प्लानिङ्ग) ।
९. आवास योजना ।
१०. इञ्जिनियरिङ्ग स्कूल ।
११. यातायातसम्बन्धी संस्थान तथा संगठनहरू ।

## ९. परराष्ट्र–मन्त्रालय

१. परराष्ट्र नीति ।
२. विदेशी राष्ट्रहरूसंग सम्बन्ध ।
३. नेपालस्थित विदेशी नियोगहरू ।
४. विदेशमा प्रतिनिधित्व ।
५. विदेशी प्रचार ।
६. विदेशी राष्ट्रहरूसंग लेखापढी ।
७. संयुक्त राष्ट्रसंघ तथा अन्तर्राष्ट्रिय वा प्रादेशिक संस्थाहरू ।
८. सीमाना ।
९. सपुर्दगी ।
१०. राहदानी, पासपोर्ट भिसा ।
११. अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिने प्रश्नहरू ।
१२. नेपाल वैदेशिक सेवा र यससम्बन्धी तालीम ।
१३. अतिथी सत्कार ।
१४. प्रोटोकल ।
१५. नेपाल एवं अरू देशका नागरिकहरूको परस्परको सरकारबाट व्यक्तिमाथिको दावा ।

## १०. भूमिसुधार कृषि तथा खाद्य–मन्त्रालय

१. भूमिसम्बन्धी व्यवस्था, भूमि प्रशासन, मालपोत असूल तहसील ।
२. जग्गा नाप–जाँच र तत्सम्बन्धी तालीम ।
३. अनिवार्य बचत योजना र गोदाम घर निर्माण ।
४. सहकारीसम्बन्धी नीति ।
५. सहकारी संस्था ऐन, नियमको प्रशासन तथा तत्सम्बन्धी तालीम ।
६. सहकारी बैङ्क सम्बन्धी कामहरू, कृषि विकास बैङ्क र कृषि पूंजीको व्यवस्था ।
७. खाद्यसम्बन्धी नीति ।
८. खाद्यसम्बन्धी अनुसन्धान तथा अन्वेषण तथा खाद्यको विशुद्धताको नियन्त्रण ।

मुद्रण विभाग, सिंहदरबार

५०६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. खाद्य विषय संस्थानहरू सम्बन्धी कार्य ।
१०. रोग, कीराबाट अनाजको संरक्षण र तत्सम्बन्धी अनुसन्धान तथा सर्वेक्षण ।
११. कृषिसम्बन्धी नीति ।
१२. कृषि प्रसार, कृषि सप्लाई कर्पोरेशन, कृषक युवा कार्यक्रम ।
१३. खाद्यान्न, दलहन, तिलहन अन्य व्यावसायिक अनाज, पुष्प, सागसब्जी तथा फल खेतीको विकास ।
१४. कृषि रसायन तथा तत्सम्बन्धी अनुसन्धान र ज्ञानको उपयोग ।
१५. कृषि इञ्जिनियरिङ्ग, उन्नत कृषि औजार, कृषि यन्त्र, सिंचाईको उपयोग ।
१६. पशु पक्षीको विकास, नश्लसुधारक खुराक र चरनको विकास ।
१७. पशु चिकित्सा, पशु पक्षी रोगको रोकथाम (निरोध), पशु चिकित्सा अनुसन्धानशाला ।
१८. उच्च कृषि शिक्षा, मध्यस्तरीय तथा ग्रामीणस्तरीय कृषि शिक्षा ।
१९. दुग्ध तथा दुग्धोत्पादित वस्तुहरूको विकास ।
२०. कृषि अनुसन्धान र कृषि अनुसन्धान फार्महरू ।
२१. कृषि सर्भे ।
२२. विभिन्न अनाज, फल, सागसब्जी, पुष्पको सर्वेक्षण तथा नश्लसुधार ।
२३. मत्स्य पालन ।
२४. नयाँ बसोवास तथा हाल अवादी ।
२५. नेपाल कृषि सेवा ।
२६. चिडियाखाना ।
२७. अन्तर्राष्ट्रिय भूमिसुधार तथा कृषिसम्बन्धी सम्मेलनहरू ।

## ११. रक्षा–मन्त्रालय

१. रक्षा नीति ।
२. शाही सेनाको गठन र नियन्त्रण ।
३. सैनिक अधिकृत र जवानहरूको अनुशासन र सेवा शर्त ।
४. सैनिक गठन ।
५. सैनिक तालीम ।
६. सेनासम्बन्धी सुविधा ।
७. सैनिक हात हतियार र सामग्रीको खरीद र उत्पादन ।
८. सैनिक कारवाई, सेनाको गतिविधि इत्यादि ।
९. शाही सेनासम्बन्धी कानून ।
१०. सैनिक निर्माणशाला ।
११. सैनिक व्यवस्थापन (इन्ष्टलेशन) र सञ्चार तथा यातायात ।
१२. सैनिक भण्डार ।

706

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. झीलखाना ।
१४. सैनिक गुप्तचर विभाग ।
१५. सैनिक अस्पतालहरू ।
१६. सैनिक ब्यारेक तथा कार्यालयहरूको व्यवस्था ।
१७. नागरिक (सिविल) प्रशासनलाई सहायता ।
१८. राष्ट्रिय सेवादलको संगठन, तालीम र प्रशासन ।
१९. चेकपोष्टको प्रशासन ।

## १२. राजदरबारसम्बन्धी विषय मन्त्रालय ।

## १३. वन-मन्त्रालय

१. वनसम्बन्धी नीति ।
२. सरकारी, गैर सरकारी वन क्षेत्रको सर्भे, नाप, नक्शा र सीमा निर्धारण ।
३. वन संरक्षण, वृक्षारोपण र वन जङ्गलको उपयोग ।
४. वन उद्योग र तत्सम्बन्धी संस्थानहरू ।
५. लकडी ठेक्का ।
६. वनसम्बन्धी अनुसन्धान तथा अन्वेषण ।
७. वनसम्बन्धी तालीम र तालीम केन्द्र ।
८. नेपाल वन सेवा ।
९. जङ्गली जीवजन्तुको संरक्षण सदुपयोग र रेखदेख ।
१०. हात्तीसार ।
११. शिकार क्षेत्र ।
१२. गैंडागस्ती, मृगकुञ्ज, नेशनल पार्क, सेंच्यूरी ।
१३. पञ्चायती वनसम्बन्धी काम ।
१४. जमीनको सदुपयोगको सम्बन्धी जलाधार तथा अन्य बहुमुखी योजनाहरू ।
१५. शहरी क्षेत्रभित्र सडक पार्क इत्यादि क्षेत्रहरूको वृक्षारोपण तथा सम्बर्द्धनसम्बन्धी कार्यहरू ।
१६. वनस्पतिसम्बन्धी नीति ।
१७. शाही वनस्पति उद्यान ।
१८. हर्वेरियम ।
१९. बोटानिकल सर्भे ।
२०. शाही औषधि अनुसन्धानशाला ।
२१. वनस्पति सङ्कलन, सम्बर्द्धन तथा उत्पादन ।
२२. प्राकृतिक ऐतिहासिक संग्रहालय ।
२३. अन्तर्राष्ट्रिय वनसम्बन्धी सम्मेलनहरू ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## १४. शिक्षा–मन्त्रालय

१. शिक्षासम्बन्धी नीति ।

२. साधारण (एकेडमिक) प्राविधिक र व्यावसायिक शिक्षा ।

३. शिशु, प्राथमिक, माध्यमिक, उच्च तथा प्रौढ शिक्षा ।

४. शैक्षिक तथा शिक्षण, साहित्यिक एवं कलात्मक संस्थाहरू ।

५. छात्रवृत्ति:– (क) श्री ५ को सरकारबाट नेपालभित्र तथा बाहिर अध्ययन गर्न पठाउने,

(ख) विदेशी सरकारी, अन्तर्राष्ट्रिय संस्था वा संगठनहरूबाट अध्ययन, शैक्षिक भ्रमण र तालीम निमित्त प्राप्त भएको ।

६. सरकारी संग्रहालयहरू

(क) हस्तलिपि र मुद्रित पुस्तकालय र अभिलेखालयहरू,

(ख) म्यूजियम,

(ग) पुरातात्विक वस्तुहरूको संग्रह र संरक्षण ।

७. नेपाल शिक्षा सेवा ।

८. नेपाल राष्ट्रिय आयोग (युनेस्कोसम्बन्धी) ।

९. प्रतिलिपि ऐनको प्रशासन ।

१०. विश्वविद्यालयसम्बन्धी कार्य ।

११. पुरातातविक महत्व भएका मन्दिर, भवन तथा स्मारकहरूको संरक्षण ।

१२. पुरातात्विक अन्वेषण तथा उत्खनन् ।

१३. देश बाहिर लगिने पुरातात्विक सामानहरूको जाँच र अनुमति प्रदान ।

१४. राष्ट्रिय इतिहास अनुसन्धान ।

१५. योजना तथ्याङ्क तथा अनुसन्धान कार्य ।

१६. शारीरिक शिक्षा खेलकूद र बालचरसम्बन्धी कार्य ।

१७. नैतिक शिक्षासम्बन्धी कार्य ।

१८. अन्तर्राष्ट्रिय शिक्षासम्बन्धी सम्मेलनहरू

## १५. सूचना तथा प्रसार–मन्त्रालय

१. सूचना तथा प्रसार ।

२. छापाखाना र प्रकाशनसम्बन्धी कानून ।

३. सरकारी प्रकाशन, पत्र–पत्रिकाहरू ।

४. चलचित्र, वृत्त चित्रहरूको निर्माण र प्रदर्शन ।

५. प्रसारण व्यवस्था ।

६. सम्वादसमिति तथा गोरखापत्र कर्पोरेशनसम्बन्धी कार्य ।

७. नेपाल संस्कृतिको विकास र प्रचार ।

४०४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. राष्ट्रिय नाचघर ।
९. सिंहदरवार केन्द्रीय सचिवालय पुस्तकालय ।
१०. श्री ५ को सरकारको छापाखाना ।
११. पत्रिका तथा प्रकाशनसम्बन्धी संस्थाहरू ।
१२. पत्रकारिताको विकास ।
१३. सिंहदरवार नाचघर ।
१४. चलचित्र सेन्सर ।

## १६. स्वास्थ्य–मन्त्रालय

१. स्वास्थ्य सेवासम्बन्धी नीति ।
२. सार्वजनिक स्वास्थ्य सेवा ।
३. नेपाल स्वास्थ्य सेवा ।
४. एलोप्याथिक, आयुर्वेदीय, होमियोप्याथिक तथा यूनानी स्वास्थ्य संस्था तथा विकास समितिहरू ।
५. स्वास्थ्यसम्बन्धी शिक्षालयहरू ।
६. स्वास्थ्यसम्बन्धी गैर सरकारी संस्थाहरू ।
७. चिकित्सकहरूको नाम दर्ता ।
८. आयुर्वेदीय औषधि निर्माण तथा विक्री ।
९. औलो उन्मूलन ।
१०. स्वास्थ्यसम्बन्धी अन्तर्राष्ट्रिय संस्थाहरू ।
११. अन्तर्राष्ट्रिय स्वास्थ्यसम्बन्धी सम्मेलनहरू ।

आज्ञाले–
कुलशेखर शर्मा
श्री ५ को सरकारको मुख्य सचिव ।

मुद्रण विभाग, सिंहदरबार

५५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।